# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/९/३ गते शुक्रवार देखि २०६६/९/९ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ६२६४ कारोबारबाट २६ करोड ५९ लाख ३७ हजार रुपैयाँ बराबरका ४ लाख ८४ हजार २ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा २८.०४ प्रतिशतले ह्रास भएको हो । गत साता ७५०० शेयर कारोबारबाट ३६ करोड ९५ लाख ५३ हजार रुपैयाँ बराबरका ८ लाख १९ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ९ करोड ७२ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ३६.५७ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ६.९८ अंकले वृद्धि भई अन्तिम दिन ५४५.६६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५१४.९० | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७८९.७६ | २६५.७५ | ५७२.६२ | ५६१.१५ | ५८३.२४ | ५३८.६८ | १३३.२६ | ५१.२५ |
| दोस्रो | ५११.३१ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७९२.२० | २६५.७५ | ५७२.६२ | ५६२.०७ | ५८६.१८ | ५३६.९३ | १३२.४० | ५१..०१ |
| तेस्रो | ५१५.७३ | ४३८.८२ | ३६६.४९ | ५९८.०३ | ७८८.१४ | २६५.७५ | ५७५.४४ | ५६२.९७ | ५९५.६० | ५४१.८६ | १३३.०४ | ५१.४० |
| चौथो | ५२१.५३ | ४३८.८२ | ३६६.४९ | ५८७.४६ | ७८८.१४ | २६५.७५ | ५७५.४४ | ५६४.१४ | ५९५.४६ | ५४३.५७ | १३४.३२ | ५१.७७ |
| पाँचौं | ५२४.६० | ४३८.८२ | ३६६.४९ | ५८८.६४ | ८००.७० | २६५.७५ | ५७४.४२ | ५६३.९८ | ५९२.१० | ५४५.६६ | १३५.०० | ५२.०३ |
| परिवर्तन | ९.७० | ०.०० | ०.०० | १.१८ | १०.९४ | ०.०० | १.८० | २.८३ | ८.८६ | ६.९८ | १.७४ | ०.७८ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.७४ अंकले वृद्धि भई १३५.०० अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१० करोड ५ लाख रुपैयाँ), शेयर संख्या (१ लाख ६१ हजार कित्ता) र कारोबार संख्या (२८६४ वटा) को आधारमा प्राइम कर्मसियल बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | प्राइम कमर्सिल बैंक | १००.५० |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २६.३७ |
| ३ | भिवोर विकास वैंक | १४.५५ |
| ४ | सिद्धार्थ बैंक | १३.२४ |
| ५ | नबिल बैंक | ११.५० |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।